# रेडियोसँग कसरी परिचित भएँ ?

**तुलसी भट्टराई**

ताप्लेजुङ सदरमुकामबाट झण्डै एकदिन पैदल दूरीमा पर्ने फावाखोला– ओसे गाउँमा जन्मे हुर्केको म । गाउँघरमा कसैसँग पनि रेडियो थिएन । २०१४ फागुनमा पहिलो पल्ट सदरमुकामस्थित भाषा पाठशालामा कान्छा काकासँग आएथैँ । अनि त्यहीँ बसेर पढ्न थालेको हुँ । काकासँग बजार घुम्ने क्रममा द्वारिका कैयाँको दोकानमा पसेपछि भित्तातिरको एउटा बाकस जस्तो बोलेको सुनेँ । त्यस बेला ट्वाल्ल परेर केही डराउँदै उभिएको कुरा अहिले पनि राम्ररी सम्झना छ । आठ वर्षे केटाले पहिलोपल्ट बाकसभित्रबाट त्यस्तो अचम्मको बोली सुनेर कस्तो अनुभव गऱ्यो होला त्यस बेला भनेर सोच्दैछु अहिले ।

त्यस दिन बोल्ने बाकस के थियो थाहा भएन । उत्सुकतासँगै फर्किएँ । अर्को दिन पदम श्रेष्ठको दोकानमा पनि त्यस्तै बोल्ने बाकस देखेँ । ताप्लेजुङ बजारमा चारपाँच ठाउँमा त्यसरी बोल्ने बाकसहरू देखेको सम्झना अहिले पनि सजीव छ ।

पाठशालामा पढ्ने एकदुई जना दौँतरीसँग बोल्ने बाकसबारे जिज्ञासा राखेँ । एउटाले आफ्नो ज्ञान छाँटयो– “ए त्यसभित्र त मान्छेको टाउको राख्या हुन्छ रे । अनि त्यही टाउकोले बोलेको ।” कसले हो भनेको भनेर सुनायो पनि ।

हजुर्बासँग महाभारतका कथाहरू सुन्दा बर्बरेक राजाको कथा पनि सुनेको थिएँ । कृष्णले बर्बरेकको टाउको काटेर महाभारत युद्धस्थल नजिकैको रुखमा झुण्डयाइदिएका थिए । त्यस टाउकोले पछि महाभारत लडाईंको सबै वृतान्त सुनाएको थियो रे । होला पनि । ती बाकसहरूमा त्यस्तै टाउका राखेको भन्ने लाग्यो ।

एकदिन पाठशालामै दुई तीन जना ठूला मान्छेहरू आए । लम्साल गुरुसँग कुराकानी गर्दै थिए । तीमध्ये एकजनाको कम्मरमा एउटा सानो बाकस झुण्डिएको थियो । ती मान्छेले बाकस टेबुलमाथि राखेर छेउपट्टि हातले के के घुमाउन थाले । शनिबार हाटको दिन हुनाले अरू पनि मान्छे भेला भएका थिए । हामी चार-पाँच जना केटाकेटीहरू झुम्मिएका थियौँ । त्यस मान्छेले के के घुमायो । ‘टर्याँर .. । ढ्वाँ .. हुनुनु, कररर ... ।’ - मान्छेकै जस्तो बोल्यो । कुनै हिन्दी गीत गाएको स्वर जस्तो पनि लाग्छ । के के यस्तै सुनिएको थियो ।

त्यस क्षेत्रका ठूला मान्छे– गङ्गाप्रसाद दाहालले त्यसबारे सोधेको सम्झना छ । त्यो बाकस बजाउने मान्छे हाङ्देवातिरको पल्टनवाल लाहुरे थियो । उसले छुट्टीमा घर आउँदा त्यो बोल्ने बाकस ल्याएको रहेछ । पछि सुनेँ– त्यो बाकस तिनै दाहालले एक माउ दुहुने गाई दिएर हात पारेछन् ।

बोल्ने बाकसको नाम अझै थाहा भएको थिएन । निकै समयपछि ‘रेडियो’ भन्ने बुझेको हुँ । अनि बाकसभित्र मान्छेको टाउको हुँदैन भन्ने कुरा पनि द्वारिका कैयाँकहाँबाट थाहा भएथ्यो । संयोगले एकदिन द्वारिकाको दोकान छेउ बार्दलीमा त्यो बोल्ने बाकस खोलेर ब्याट्रीहरू घाममा सुकाइएको अवस्थामा देख्ने मौका पाएँ । “के हेरेको नानीले । हेर हेर । यसको नाउँ रेडियो हो ।” –उनले भनेका थिए । नजिकबाट रेडियो हेर्न पाइयो, त्यसभित्र मान्छेको टाउको हुँदैन भन्ने थाहा भयो । तर आफैले रेडियो बजाउन, सुन्न र बुझ्न पाउने क्षमता थिएन । गाउँघरमा ठूलो आम्दानी नहुने हामीजस्तालाई त्यस्तो सुविधा कहाँ हुनु ?

२०१७ सालतिर साङ्मागुका कप्तानका घरमा हजुर्बासँग जाँदा पुनः रेडियो देखेथेँ । गाउँमा त्यही एउटा घरमा मात्र थियो । घरको माथ्लो तला बरण्डामा घन्किने त्यस रेडियोका बारेमा धेरै जनाले अचम्म मान्दै चर्चा गर्थे । म चाहिँ निकै जानिफकार भइसकेको थिएँ । त्यसै बेलातिरको एउटा रोचक घटना सम्झिएको छु । ताप्लेजुङ अमिनी छेउमा एउटा च्यादरघर (जस्तापाताले वरिपरि घेरेर

छानोसमेत जस्ता पाताकै) थियो । एकदिन त्यस घरभित्र 'भटटट' को ध्वनिसँगै धुँवाको मुस्लो निस्किएको देखियो । केटाकेटीहरूको लाममा म पनि रहस्य बुझ्न पुगेँ । त्यहाँ अहिलेको ट्र्याक्टरको इन्जिन जस्तै यन्त्र थियो । हातले रड समातेर केही बेर घुमाएपछि भटटट गर्दै धुवाँको मुस्लो आउँथ्यो । प्राय: एक बजे दिउँसो घाम लागेका बेला त्यो यन्त्र कराउँथ्यो । यन्त्र चालक एउटा हाते कालो यन्त्र उठाएर हलो-हलो गरेर धेरैपल्ट कराउँथ्यो । अनि कागजमा केही टिप्थ्यो, केही बोल्थ्यो । पछिमात्रै थाहा भयो– त्यो वायरलेस यन्त्र रहेछ । काठमाडौँसँग सम्पर्क राख्ने, खबर लिने दिने माध्यम रहेछ ।

पन्ध्र सोह्रको उमेरमा मात्र रेडियो छोएको, मिटर घुमाउन र बजाउन जानेको मैले । त्यो पनि आफ्नो होइन, अरूकै । त्यस्तै बेलामा थाहा भो, रेडियो तारबिना नै बिजुलीको सहायताले टाढाटाढाका शब्द ग्रहण गर्ने तथा खबर गीत आदि प्रसारण गर्ने प्रसिद्ध यन्त्र हो भनेर ।

रेडियोको आविष्कार, रेडियोले गर्ने काम, रेडियोका प्रकार आदिबारे आफैले थाहा पाउञ्जेलसम्ममा दुई दशक उमेर बिताइसकेको थिएँ । विकसित विश्वमा धेरै अघिदेखि रेडियोको विकास र बिस्तार भइसकेता पनि नेपालभित्र साढे पाँच दशक मात्र भएको छ यसको इतिहास । २०२७ मा तारिणीप्रसाद कोइराला स्वयंबाट प्रजातन्त्र नेपाल रेडियोका बारेमा जानकारी पाएँ । २००७ को क्रान्तिकालमा विराटनगर मिल्स एरियाभित्र यो रेडियो स्थापना गरिएको थियो । पहिलो समाचार वाचक तारिणीबाबु थिए । क्रान्तिपछि २००७ चैत २० गते यही रेडियो सिंहदरबारमा स्थापना गरियो– 'नेपाल रेडियो' नामबाट । पछि 'रेडियो नेपाल' मा परिवर्तित भयो । आज त रेडियो नेपाल प्रसिद्ध भइसकेको छ ।

२०४७ सालमा रेडियो नेपालको सल्लाहकार भएर एक वर्ष बस्ता रेडियो यन्त्रबारे थप धेरै कुरा बुझेँ । सञ्चार क्षेत्रको प्रमुख साधन र माध्यम रेडियो नै रहेछ भन्ने कुरा अहिले झन् धेरै बुझ्दैछु । आज पनि नेपाली जगत्मा पत्रपत्रिका राम्ररी उपलब्ध हुन सक्तैन । राजधानी र केही सहरी इलाकामा मात्र मुद्रित साधन पुग्ने गर्छ । टेलिभिजन पनि सबैतिर उपलब्ध छैन । अत्याधुनिक सञ्चार यन्त्र कम्प्युटर सर्वसाधारणमा पुग्ने कुरै भएन ।

यसरी आज पनि 'रेडियो' नै सञ्चार- सूचना आदानप्रदानको मुख्य माध्यम बनेको छ । प्राय: रेडियो-सञ्चार अधिराज्यभरि फैलिएको छ । सर्वसुलभ पनि हुँदै आएको छ । मैले सबैभन्दा पहिले देखेको बाकस- 'फिलिप्स' रेडियो अब त्यति देख्न पाइँदैन । गोजी रेडियोले बजार ढाकिसकेको छ । राजधानी वा अन्य ठूला सहरमा भन्दा पनि ताप्लेजुङ, पाँचथर, डोटी, डडेलधुरातिर यात्रा गर्दा रेडियोको

महत्त्व अझ बुझिने रहेछ । मेरो आफ्नै अनुभव छ । आजको एफएम रेडियोको विकास र बिस्तारले गर्दा त झन् व्यापक बन्न पुगेको छ रेडियोको कार्यक्षेत्र ।

आजका अत्याधुनिक सञ्चार साधनहरूबारे बुझ्न जान्न वा सुन्न पाएको छु । कतिपय आफै प्रयोग गर्न सकेको छु । ताप्लेजुङ जस्तो दुर्गम ठाउँको मान्छे, जति जानेँ, बुझेँ, ढुक्क छु । आज पनि मेरो उमेरका ताप्लेजुङ, ओसे वरपरका धेरैले रेडियो बजाउन, सुन्न वा प्रयोग गर्न पाएका छैनन् । उनीहरूजस्तै नेपालको धेरै जनजीवन यस सुविधाबाट वञ्चित छन् । त्यसकारण चेतना प्रवाह गर्ने र छिटै जनजीवनलाई प्रभाव पार्नसक्ने यस रेडियो यन्त्रलाई सरकार र सम्बद्ध निकायले अधिकतम् सुविधा दिनुपर्छ भन्ने मेरो आग्रह छ ।

रेडियो आफैले राख्न बजाउन, र चलाउन म आफूले दुई दर्जन वर्ष कुर्नु परेको कुरा आजका बालबालिकालाई सुनाउँदा दन्त्य कथा जस्तै हुन्छ । मेरै छोराछोरी छक्क परेका छन्- यस्तो कुरो सुन्दा । राजधानी र ठूला सहरमा जन्मन हुर्कन पाएका मेरै दौँतरीहरूले पनि खिल्ली उडाउन सक्छन् । तर मलाई आनन्द लागेको छ, ढिलै भए पनि रेडियोसँग खेल्न पाएँ । यद्यपि अझै पनि हामी धेरै नेपालीहरूले रेडियो कसरी बोल्छ भन्ने कुरा थाहा पाउन सकेका छैनौँ । करीब साढे चार दशकअघि मैले भोगेका रेडियो बारेको अज्ञान पीडा आज पनि धेरैले भोगिरहेका छन् । नेपाली-नेपालीबीचको यति ठूलो विषमता- खाडल मैले थाहा पाउँदा पाउँदै मेटिए हुने थियो । कसलाई, कहाँ, के भन्ने ? यसको समाधान कसरी हुने हो, खोई ?